जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १४३ २०७६ साल पुस १८ गते शुक्रबार (3 Jan. 2020 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता बिपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षान्त २०१९ : यसवर्ष पनि ... ३ पृष्ठमा : सन् २०१९ मा अस्ताएका ... ३ पृष्ठमा : स्वस्थ दूधले बच्चामा ...

# "बेटी पढाऊ, बेटी बचाऊ" अभियान अन्तरगत छोरीहरुको शिक्षा बिमा गर्ने जिम्मा स्थानिय तहलाई




**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

प्रदेश सरकारले बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तरगत संचालनमा ल्याएको छोरी शिक्षा बिमालाई अझ प्रभावकारी रुपले अघि बढाउने उद्देश्यले जिल्लाका सबै १८ वटै स्थानिय तहलाई जिम्मेवारी दिएको छ ।

राजविराजमा बिहीबार आयोजित छोरी शिक्षा बिमा शिविर सप्ताह कार्यक्रममा प्रदेश २ सरकारका तर्फबाट सप्तरीका १८ वटै स्थानिय तहलाई छोरीको शिक्षा बिमा शिविर संचालन गर्न ५०/५० गरि ९ लाख रुपैयाको चेक बुझाइएको छ ।

२०७५ साल माघ १ गतेदेखी जन्मिएका सम्पूर्ण छोरीहरुका लागि प्रदेश सरकारले रु. १ लाख शिक्षा बिमा गरेको छ । छोरीहरुको २० वर्ष उमेर पुगेपछि उनीहरुले रु. १ लाख बैंक मार्फत प्राप्त गर्नेछन् । सप्तरीमा गत आ.व. २०७५/०७६ मा १ हजार ९३ छोरीहरुको शिक्षा बिमा गरिएको थियो ।

यसै अन्तरगत गत माघ १ गतेदेखी बिमा गराउन छुटेका छोरीहरुलाई प्रदेश सरकारले आउँदो माघ २ गतेदखी स्थानिय तहलाई नै बिमा गर्ने जिम्मेवारी दिने भएको छ ।

छोरीहरुको शिक्षाका लागि बिमा गर्ने प्रदेश सरकारले घोषणा गरेपनि कर्मचारी अभाव तथा प्राविधिक लगायतका कारणले सोचे अनुरुपको बिमा हुन नसकेपछि यसलाई ब्यापक बनाउन प्रत्येक स्थानिय तहमा शिविर संचालन गर्न सो रकम उपलब्ध गराइएको प्रदेश २ मुख्यमन्त्री कार्यालयका सचिव शंकर सुवेदीले बताए । यस्तो शिविरले विभिन्न कारण बिमा गराउन नसेकेका छोरीहरुलाई समेट्न सहज हुने उनले विश्वास गरेका छन् ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सदस्य दिलकुमार चौधरी, प्रमुख जिल्ला अधिकारी सुनिल खनाल लगायत विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरुले छोरी शिक्षा बिमा कार्यक्रम सफल बनाउन सबैले सहयोग गर्नु पर्नेमा जोड दिएका थिए ।

# बाक्लो हुस्सुका कारण गाडी दुर्घटना



**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ सडक खण्डमा बिहीबार बिहान एक मालबाहक ट्रक दुर्घटनामा परेको छ ।

पूर्वबाट पश्चिम तर्फ चाउँचाउँ बोकेर जाँदै गरेको ना.४ख. ५३५३ नम्बरको ट्रक बिहान ३ बजेतिर शम्भुनाथ ४

*बाँकी अन्तिम पृष्ठमा*


**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




***नोट :-*** **विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**


# लागु औषधसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका ७ हाटिमा प्रहरीले लागु औषधसहित एक जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साईनबाट खटिएको चेकिङ्ग टोलिले भारतबाट नेपाल तर्फ आउदै गरेको स ७ प ७२३३ नम्बरको मोटरसाईकल चालक जिल्लाको खड्क नगरपालिका ८ बस्ने २४ वर्षिय जय प्रकाश ठाकुरलाई प्रहरीले लागु औषधसहित पक्राउ गरेको हो ।

चेकजाचँ गर्दा प्रहरीले ठाकुरका साथबाट नाइट्राभेट ट्याब्लेट १५ थान फेला पारेको जनाएको छ । यता लागु औषधसहित पक्राउ परेका ठाकुरलाई मोटरसाईकलसहित प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धानको लागी लिएको जनाएको छ ।




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

**हाम्रो सेवाहरु →**

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# सचेत अभिभावकको भूमिका आवश्यक

समाजमा बढ्दै गइरहेको लागु औषध दुरव्यसनीलाई अपराधको मूल जडोको रुपमा लिने गरिएको छ । जसकारण प्रहरी प्रशासनले लागु औषध सेवनकर्ता तथा ओसारपोसार गर्नेलाई कडा कारवाहीको व्यवस्था गरेको छ । कलिला उमेरका बालबालिकाहरु अहिले लागु औषधतर्फ बढी आकर्षित हुने गरेका छन् । खुल्ला सिमानाका कारण नेपाली यूवाहरु भारतमा गएर लागु औषध सेवन गरी र बोकेरै नेपालतर्फ आउने गरेका छन् ।

नेपाल सिमाना आएपछि प्रहरी चेकजाँच गर्ने क्रममा लागुऔषध बोकेकाहरुलाई पक्राउ गर्ने गरेको छ । यसरी युवाहरु सानै उमेरमा गलत संगत र बानीका कारण कुलतमा फस्दै गएको कुरा अभिभावकहरुले सुइको समेत नपाउनु आफैमा दु:खदायी रहेको छ । समयमै अभिभावकहरुले सन्तानको गतिविधी थाहा पाएर सचेत गराउन सके प्रहरी प्रशासनलाई यतीको महिनेत गर्नुपर्दैन होला ।

सम्पूर्ण अभिभावकहरुले सन्तान बुझ्ने अवस्थामा पुगेपछि उनीहरुको दैनिकी गतिविधीलाई समेत ध्यान दिन सके पक्कै नै कुलतको बाटो उनीहरुले रोज्न पाउँदैनन् । तसर्थ आफ्ना सन्तानलाई कुलतको बाटोमा जानबाट रोक्न अभिभावकहरुले दिनहुँ उनीहरको दैनिकी कार्यबारे सोध्ने बानी बसाल्नु पर्छ र सचेत अभिभावकको भूमिका निर्वाह गर्नु पर्ने अति आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# वर्षान्त २०१९ : यसवर्ष पनि राजनीतिक चासो र चर्चाकै घेरामा दक्षिण एसिया

काठमाडौँ, १७ पुस (रासस) ।

डिसेम्बर १० मा विश्वभर मानवअधिकार दिवस मनाउन थालेको सत्तरी वर्ष पुग्यो । सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको महासभाले अल्पसङ्ख्यक एवम् सबै नागरिकको अधिकारका पक्षमा यो दिवस घोषणा गऱ्यो । संसारका अरु देशमा जस्तै भारतमा पनि यो दिवस मनाइयो ।

त्यसै दिन भारत र त्यस वरपरका करोडौँ मुस्लिम नागरिकले भने आफ्नो मानवअधिकार दिवस नभएर यसको हनन् भएको दिनका रुपमा लिए । उनीहरुले त्यस दिन सो दिवस मनाउन होइन कि मुस्लिम नागरिकलाई पनि नागरिकको व्यवहार गरियोस् भनेर लगभग देशैभरि जुलुश निकाले । विश्वका नागरिकले मानवअधिकार दिवस मनाइरहँदा भारतीय मुस्लिम नागरिकले भने आफूहरुलाई राज्यले नागरिकको व्यवहार नगरिएको गुनासो गरे ।

त्यसैदिन भारतको तल्लो सदन प्रतिनिधिसभाले पारित गरेको नागरिकताम्बन्धी विधेयकमा मुस्लिम नागरिकमाथिको विभेद स्पष्ट देखिएको उनीहरुको भनाइ छ । त्यस कानुनको प्रावधान छ - बङ्गलादेश, अफगानिस्तान र पाकिस्तानबाट विशेषगरी धार्मिक विभेदको शिकार भएर सन् २०१४ सम्म शरण माग्न भारत छिरेर त्यहीँ बसिरहेका बौद्ध, हिन्दू, शिख, पारसी र इसाई समुदायका नागरिकलाई भारतीय नागरिकता दिने प्रक्रियालाई अहिलेको भन्दा धेरै सजिलो बनाइने छ ।

पछिल्लो यो राजनीतिक मुद्दा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको दोस्रो कार्यकालको सम्भवत सबैभन्दा पेचिलो बन्ने देखिन्छ । यसले लाग्छ उहाँको दोस्रो कार्यकालको सत्तारोहणको मोल अघिल्लोको तुलनामा बढी नै पर्नेछ । यद्यपि यो विधेयक प्रधानमन्त्री मोदीको अघिल्लै कार्यकालमा संसद्को तल्लो सदनले पास गरेको थियो । माथिल्लो सदनमा आफ्नो दल भारतीय जनता पार्टीको स्पष्ट बहुमत नरहेकोले त्यतिबेला पेस गरिएन ।

मोदी गत मेमा दोस्रो पटक अझ बढी बहुमतका साथ प्रधानमन्त्री नियुक्त हुनुभयो । उता राष्ट्रिय सभामा पनि आफ्नो पक्षमा बहुमत देखियो । त्यसपछि यही सरकारले उक्त विधेयक संसदमा पेस गऱ्यो । यतिखेर यस कानुनले देशमा आन्दोलनको आगो झोसेको छ । यसलाई नियन्त्रण गर्न विश्वको सबैभन्दा ठूलो प्रजातन्त्र भनिने देश भारतका कैयौँ स्थानमा सात जनाको सङ्ख्यामा कुनै मानिस जम्मा हुन र जुलुश निकाल्न नपाइने गरी प्रतिबन्ध नै लगाइएको छ ।

भारतमा बसिरहेका मुस्लिम नागरिकले यो कानुनको विरोध गरेका छन् । उनीहरुले अरु धार्मिक सम्प्रदायका नागरिकका तुलनामा इस्लाम धार्मिक सम्प्रदायका नागरिकलाई आधारभूत नागरिक अधिकारबाट पनि वञ्चित गरिएको गुनासो गर्दछन् । अफगानिस्तान, पाकिस्तान र बङ्गलादेशमा इस्लामको बाहुल्यता छ । ती देशमा रहेका इस्लाम इतरका धार्मिक अल्पसङ्ख्यक त्यहाँको धार्मिक अतिवादीबाट लखेटिएका छन् र उनीहरु भारतमा शरण लिएर बसेका छन् ।

ती नागरिकले भारतको नागरिकता पाउने कानुन आएकोले अब भारतमा शरण लिएर बसेका इस्लाम धार्मिक सम्प्रदायका नागरिकले मात्र किन नपाउने भन्ने उनीहरुको प्रश्न छ ।

यही प्रश्नको उत्तर खोज्न यतिखेर भारतका इस्लामिक नागरिक एकजुट भएका छन् । ती देशबाट भारतमा अवैध आप्रवासयीका रुपमा बसाइँ सरेर आएका नागरिकको सङ्ख्या कति छ भन्ने आधिकारिक तथ्याङ्क भारत सरकारले सार्वजनिक गरेको त छैन ।

केही गैरसरकारी संस्था र भारतीय सञ्चारको अनुमानमा यस कानुनबाट लाभान्वित हुनेको सङ्ख्या दुई करोडभन्दा बढी छ ।

भारतका कैयौँ राज्यमा यो आन्दोलन जारी छ र आन्दोलन दबाउने क्रममा प्रहरीले गरेको बल प्रयोगबाट यो आलेख तयार पार्दासम्म विभिन्न राज्यमा गरी २० जनाको ज्यान गइसकेको छ । भारतका इस्लाम समुदायका नागरिकले यो कानुनको संशोधन नभएसम्म आन्दोलन नरोक्ने बताएका छन् भने सरकारले यो कानुन कुनै पनि हालतमा फिर्ता नगरिने बताएको छ । बरु सरकारले कैयौँ स्थानमा विरोध पनि गर्न नपाइने गरी प्रतिबन्ध लगाएको छ ।

प्रधानमन्त्री मोदीको दोस्रो कार्यकालको यो दोस्रो नै चुनौती हो । यसअघि उहाँले तीन महिनामात्र अघि भारतको काश्मिर मुद्दामा केन्द्र सरकारको हस्तक्षेपकारी नीति पारित गराउनुभएको छ । दोस्रो पटक चुनाव जितेर सरकार बनाएलगत्तै उहाँले मुस्लिम बहुल्यता रहेको कश्मिरलाई विशेष राज्यको मान्यता दिने संविधानको धारा ३७० खारेज गर्ने घोषणा गर्नुभयो । जम्मु-कश्मिर भारतको यस्तो राज्य हो जसले राष्ट्रिय झन्डासँगै आफ्नो झन्डा पनि राख्न पाउँथ्यो र आफ्नै संविधान पनि थियो ।

गएको अगष्ट ५ मा भारत सरकारले जम्मु-कश्मिरमाथि यो नयाँ कानुनको घोषणा गऱ्यो । त्यसयता कश्मिर भारतीय सेनाको कब्जामा छ । त्यहाँका अधिकांश नेता राजनीतिक क्रियाकलाप गर्न नपाउने गरी घरैमा नजरबन्द छन् । केही पक्राउ परेका छन् । इन्टरनेट सेवा बन्द छ, पछिल्ला केही दिनयता केही खुकुलो बनाएको बताइन्छ ।

सरकारले संविधानको धारा ३७० खारेज गरेर केन्द्र सरकारले नै अधिकार लिएपछि काश्मिर मुद्दा फेरि एक पटक विवादको सतहमा आएको छ । काश्मिरको स्वायत्तताको अधिकारमाथि केन्द्रले अङ्कुश लगाएको छ र भारत अधिनस्थ काश्मिरमा अब केन्द्र शासित प्रणाली हुनेछ ।

यो मुद्दाको विवाद भारतको सिमाना काटेर पाकिस्तान पुग्यो । पाकिस्तानले पनि यो विवादमा चासो मात्र देखाएन संयुक्त राष्ट्रसङ्घ गुहार्नेसम्म भन्यो । उसले भारतले पाकिस्तानकै सार्वभौमिकतामाथि धावा बोल्ने चेष्टा गरेको आरोप लगायो । जुन विषय भारत, पाकिस्तान र सिङ्गो दक्षिण एसियालाई मात्र नभएर संयुक्त राष्ट्रसङ्घको बहसको विषय बन्न पुगेको थियो ।

यसरी दोस्रो कार्यकालका लागि मोदीले पहिलेको तुलनामा अझ बढी संसदीय सिट बढाएसँगै उहाँ चुनौतीको पारो पनि बढेको छ । तर त्यो उहाँ आफै सिर्जित हो । विश्लेषकले यो पछिल्लो कार्यकालमा उहाँको राजनीतिक महत्वाकांक्षा बढेको, विपक्षी दललाई पेलेर जाने शैलीमा झनै कठोरता थपिएको तथा भारतलाई हिन्दू राज्यका रुपमा स्थापित गराउने पूर्वाभ्यासमा अरु महत्वाकांक्षा थपिएका रुपमा पनि बुझेका छन् ।

उता पाकिस्तानको राजनीतिक तरङ्ग पनि भारतको तुलनामा कम्ती रहेन । वर्षको उत्तरार्धमा त्यहाँका पूर्वसैनिक शासक परवेज मुसर्रफलाई मृत्युदण्ड दिने फैसलाले यहाँको राजनीतिक समिकरणमाथि नै प्रश्न उठाइदिएको छ । पटकपटक सैन्यवाद र अतिवादको चपेटामा पर्ने गरेको पाकिस्तानको राजनीतिमा लामो समयपछि फेरि एक पटक सेनाले राजनीति प्रकृतिको विज्ञप्ति प्रकाशन गर्ने अवसर यो फैसलापछि प्राप्त गरेको छ ।

सन् २००७ मा मुसर्रफले सङ्कटकाल लगाएर राष्ट्रघात गरेको आरोपमा उहाँलाई मृत्युदण्डको फैसला सुनाइएको एक दिनपछि सेनाले सो फैसलाको कडा प्रतिवाद गरेको हो । पटकपटक राज्यसत्ताको अनुभव सङ्गालेको पाकिस्तानी सेनाले अदालतको फैसलाप्रति बोलेको भाषाले राजनीतिमा नयाँ मसला थपिएको अनुमान विश्लेषकले गरेका छन् । यो फैसलाप्रति सरकारकै असन्तुष्टि अर्को रोचक पक्ष छ ।

अघिल्लो वर्षको अगष्टमा क्रिकेट स्टार इमरान खानको पाकिस्तानी राजनीतिमा उदय र उहाँको सहजै सत्तारोहणले पाकिस्तानको भूगोल काटेरै चर्चा कमाएको थियो । उहाँको सत्तारोहणको चर्चा वर्षको मध्यसम्म नै रहृयो । यो घटनाले परम्परागत राजनीतिक शक्ति इतर पनि राज्यसत्ताको विकल्प खोज्न थालिएको सन्देश यसले दिएको थियो । उहाँले प्रधानमन्त्रीको सपथ लिएसँगै देशमा आर्थिक मितव्ययीताका कार्यक्रमका साथै अरु पनि केही परम्परागत निरन्तरतामा गर्न खोजेको कटौती र आन्तरिक निती तथा कार्यक्रमले दक्षिण एसियामा नै चर्चा बटुलेका थिए ।

त्योभन्दा ठूलो तरङ्ग यतिखेर मुसर्रफलाई सुनाइएको मृत्युदण्डको फैसलाले ल्याएको छ । क्रिकेटमा जस्तो छक्कैछक्का राज्यसत्तामा पनि हान्ने र परम्परागत राजनीतिक शक्ति र शैलीमा छलाङ मार्ने उहाँका चुनावअघिका आकर्षणले अहिले नागरिकलाई त्यति भरपर्दो आडभरोसा दिन सकेको भने देखिन्न ।

त्यसैले त्यस समयका उहाँमाथिका भरोसाका चर्चा अहिले आएर आलोचनामा परिणत भएका छन् । भारत पाकिस्तान सीमामा हानाहानपछि देखिएको उहाँको कूटनीतिक कौशलताको ख्याति भने पाकिस्तानको भूगोलबाहिर सम्म नै फैलिएको हो । वर्षको उत्तरार्धमा मुसर्रफलाई सुनाइएको मृत्युदण्डको सजायँ यहाँको अहिलेसम्मकै सबैभन्दा चर्चित घटनाका रुपमा रहेको छ । जसलाई मुसर्रफले राजनीतिक अभिष्ट राखेर आएको आफूमाथिको कारबाही भन्नुभएको छ ।

श्रीलङ्कामा नोभेम्बरमा गोटबाया राजापाक्छे राष्ट्रपति निर्वाचित हुनुभयो । यो दक्षिण एसियाको अर्को चर्चित घटना उहाँको विजयले मात्र नभए प्रधानमन्त्री महिन्दा राजापाक्छेको भाइ भएका कारणले भएको हो । त्यसको केही दिनमा नै महिन्दा राजापाक्छेलाई उहाँले प्रधानमन्त्रीमा नियुक्त गर्नुभयो ।

दक्षिण एसियाको राजनीतिमा सन् २००९ पछि शुरुमा चर्चित र पछि विवादास्पद पात्रका रुपमा महिन्दा राजापाक्छेलाई लिइन्छ । विद्रोही तमिल टाइगरलाई सैन्य कारबाहीबाट निर्मूल गरेपछि श्रीलङ्काको गृहयुद्ध अन्त्य गराएका उहाँले त्यसको ब्याज एकछत्ररुपमा आफैँले मात्र खान पाउनुपर्ने शैलीमा नातागोता, आफन्तलाई राज्य सत्तामा लिएर जसरी उहाँले शासन चलाउनुभयो त्यसले उहाँलाई विवादमा ल्यायो । देशमा भ्रष्टाचार र आफन्तवाद चरमरुपमा मौलाएको व्यापक गुनासोपछि जनताले उहाँलाई परास्त गरेपछि राष्ट्रपति बन्नुभएका मैत्रीपाला सिरिसेनाको कार्यकालसमेतमा सत्तामा आउन उहाँले रचेका अनेक राजनीतिक काण्डलाई अदालतले व्यवस्थापन गर्नुपरेको थियो । तर श्रीलङ्काको राजनीति पुन:उहाँकै पोल्टामा परेको विश्लेषकको भनाइ छ । अहिले पुन:उहाँका सहोदर भाई राष्ट्रपति निर्वाचित हुनुभएको छ र त्यसको एकाध दिनमै उहाँ प्रधानमन्त्रीको सपथ लिन सफल हुनुभएको छ ।

केही समयअघि सर्वोच्च अदालतसामु पुगेको यहाँको राजनीतिक उलटपुलट र दुई सयभन्दा बढीको ज्यान जानेगरी यहाँ भएको आतङ्ककारी हमलाको भन्दा पनि बढी चासो र चर्चा यो पछिल्लो राजनीतिक समीकरणले बटुलेको छ ।

नेपालमा हालसालै मात्र भारतले नेपालको कालापानी भू-भाग आफ्नो दाबी गर्दै भारतीय नक्सामा राखेको भन्ने विवादले अन्तरराष्ट्रियरुपमा चर्चा पायो ।

*बाँकी अन्तिम पृष्ठमा*

## वीमा लेख हराएको सूचना

भारदहबाट राजविराज आउँदै गर्दा २०७६ साल पुस १ गते मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्सको बिमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८००९६०२०० मा सम्पर्क गर्न हुन अनुरोध छ ।

**नाम : सिर्द्धाथ साह**

**ठेगाना : हनुमाननगर**

**कंकालिनी १, सप्तरी**

**बीमा लेख नं.: २०७००९५४१**

# सन् २०१९ मा अस्ताएका विश्वका केही व्यक्तित्व

काठमाडौँ, १७ पुस (रासस)।

सन् २०१९ मा विश्वले कैयौँ चर्चित व्यक्तित्वलाई गुमाएको छ। राष्ट्र तथा सरकार पूर्वप्रमुखदेखि चर्चित कलाकार तथा लेखकसम्म यस वर्ष निधन भएको छ।

यस वर्ष ज्यान गुमाएकामध्ये कसैको निधन अदालतमा बयान दिँदादिँदै त कसैले स्टेजमा प्रस्तुती दिइरहेका बेला ज्यान गएको छ। अस्ताएका विश्वका केही व्यक्तिलाई यहाँ स्मरण गरिएको छ।

**बलिउड अभिनेता कादर खानको निधन**

वरिष्ठ बलिउड अभिनेता कादर खानको क्यानाडाको एक अस्पतालमा उपचार भइरहेका बेला सन् २०१९ कै पहिलो दिन जनवरी १ मा नै ८१ वर्षको उमेरमा उहाँको निधन भएको थियो।

दुई दिन अघि नै उहाँको निधन भएको हल्ला फैलिएकोमा त्यो हल्लाको परिवारजनले खण्डन गरेपनि हल्ला नै सत्य सावित हुनपुगेको जानकारी पछि आयो।

अफगानिस्तानमा जन्मिएर भारतीय सिने क्षेत्रमा चर्चित खान भारतीय साहित्यमा अब्बल लेखक र हास्यविधामा जमेका कलाकार हुनुहुन्थ्यो।

**संसारकै ज्येष्ठ पुरुषको विदाई**

'गिनिज बुक अफ वर्ल्ड रेकर्ड'का अनुसार विश्वकै सबैभन्दा जेठा पुरुष मानिएका ११३ वर्षको उमेरमा सन् २०१९ जनवरी २० मा निधन भयो। जापानका नागरिक मसाजो नोनाकाको सन् १९०५ मा जन्म भएको थियो।

सन् २०१८ मा उहाँलाई स्पेनका नागरिक फ्रान्सीस्को नुनेज ओलिभेराको निधन भएपछि उहाँलाई जीवित पुरुषमध्ये संसारकै सबैभन्दा जेठा व्यक्ति भएको घोषणा गरिएको थियो।

**अष्ट्रेलियाली पूर्वप्रधानमन्त्री बबको निधन**

लेबर पार्टीका प्रभावशाली नेता सन् १९८३ देखि १९९१ सम्म अष्ट्रेलियाको प्रधानमन्त्री बन्नु भएका बब हकको पनि यसै वर्ष ८९ वर्षको उमेरमा निधन भयो। आफ्नो आठ वर्षे कार्यकालमा चिकित्सकीय सेवा र राजनीतिक रुपान्तरणको नमूना स्थापित गरेका बबको सन् २०१९ को मे १६ मा निधन भएको हो। बब नेतृत्वको सरकारले अष्ट्रेलियाको अर्थतन्त्रलाई आधुनिकीरण गर्दै आर्थिक स्वतन्त्रता र रोजगारीमा वृद्धि गराएको थियो।

**मलेसियाका सातौँ राजाको स्वर्गारोहण**

मलेसियाका सातौँ राजा तथा प्रसिद्ध फुटबल खेलाडी सुल्तान अहमद शाहको सन् २०१९ को मे २२ मा ८८ वर्षको उमेरमा निधन भयो। पाहाङ राज्यका पाँचौँ राजा सुल्तान सन् १९७९ देखि १९८४ सम्म पाँच वर्ष सातौँ केन्द्रीय राजा बन्नुभएको थियो। सन् १९३० मा जन्मनु भएका उहाँ सन् १९७४ मा पाहाङ राज्यको राजा बन्नु भएको थियो।

**नाट्य क्षेत्रले गुमायो लोकप्रिय नाटककर्मी**

जीवित भारतीय नाटककर्मीमध्ये सम्भवतः सबैभन्दा लोकप्रिय गिरिश कर्नाडको ८१ वर्षको उमेरमा जुन १० मा निधन भयो। भारतको सबैभन्दा उच्च साहित्यिक पुरस्कार जनपीठलगायतका सम्मान पाएका कर्नाडले भारतीय समाज र समय प्रतिबिम्बितमा आधारित थुप्रै नाटक लेख्नुका साथै मौलिक छाप पार्ने अभिनय गर्नुभएको छ। हालको कर्नाटक राज्यमा जन्मिनु भएका कर्नाडले बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा गणित विषयको उच्च शिक्षामा छात्रवृत्तिमा अध्ययन गर्नु भएको थियो। अक्सफोर्ड विद्यार्थी युनियनको अध्यक्षसमेत भएका उहाँ भारत फर्केर कलाकर्ममा लाग्नु भएको थियो।

**अदालतमा बयानकै क्रममा मोर्सीको मृत्यु**

इजिप्टका पूर्व राष्ट्रपति मोहम्मद मोर्सीको जुन १७ मा निधन भयो। आफूविरुद्धको जासुसीको अभियोगसम्बन्धी मुद्दाको सुनुवाइका लागि कायरोस्थित अदालतमा बयान दिइरहेका बेला उहाँको निधन भएको हो। मुस्लिम ब्रदरहुडका ६७ वर्षीय नेता मोर्सीलाई सन् २०१२ मा निर्वाचित भएको एक वर्षमै इजिप्टको सेनाले अपदस्त गरी जेल हालेको थियो।

**स्टेजमा प्रस्तुती कै क्रममा अस्ताए हाँस्य कलाकार**

'स्टाण्डअप कमेडी'का लागि चर्चित मञ्जुनाथ नायडुको जुलाई २१ मा प्रस्तुति दिने क्रममा दुबईमा स्टेजमै निधन भयो। प्रस्तुति दिँदै गर्दा अचानक ढलेका बेला दर्शकले त्यसलाई प्रस्तुतिकै लागि ढलेको ठानेका थिए। आफ्नो परिवार र डिप्रेसनको बारेमा बताउँदै ठट्टा गरिरहेका बेला उहाँ ढल्नु भएको थियो। उहाँ स्टेजमा गएको एक मिनेटमै ढल्नु भएको थियो। आबुधाबीमा जन्मेका मञ्जुनाथका बाबुआमाको भने उहाँ सानै छँदा निधन भएको थियो। उहाँको यस्तो अनौठो निधनले विश्वभरी नै चर्चा पाएको थियो।

**चिनियाँ पूर्वप्रधानमन्त्री पेङको निधन**

चीनका पूर्वप्रधानमन्त्री ली पेङको ९० वर्षको उमेरमा जुलाई २२ मा निधन भयो। चीनका अन्य शीर्ष पदमा रहेर सन् १९८० र १९९० को दशकमा उहाँले काम गर्नु भएको थियो। पेङ सन् १९८९ मा नेपाल भ्रमणमा आउनु भएको थियो। सन् १९८९ मा बेइजिङमा प्रजातन्त्र पक्षधर माथि भएको दमनमा मुख्य भूमिका खेलेको पात्रका रुपमा उहाँ बढी चर्चित हुनुहुन्थ्यो।

**चर्चित साहित्यकार मोरिसनको मृत्यु**

विश्व चर्चित साहित्यकार तथा साहित्य विधामा नोबेल पुरस्कार विजेता टोनी मोरिसनको पनि यसैवर्ष अगस्ट ५ मा निधन भयो। ८८ वर्षमा निधन भएकी मोरिसनलाई अमेरिकामा अल्पसङ्ख्यक समुदाय, अफ्रिकी अमेरिकीको पक्षमा बोल्ने र लेख्ने सशक्त व्यक्ति मानिन्छ। मोरिसन नोबेल पुरस्कार जित्ने पहिलो अफ्रिकी-अमेरिकी महिला पनि हो। उहाँले ११ वटा उपन्यास तथा बालबालिकाका निम्ति धेरै किताब र निबन्ध लेख्नु भएको छ। उहाँका उपन्यास 'द न्यूयोर्क टाइम्स' अखबारको सबभन्दा धेरै बिक्ने सूचीमा धेरै पटक परेका छन्। उहाँले सन् २०१२ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको हातबाट 'प्रेजिडेन्सियल मेडल अफ फ्रिडम' पाउनु भएको थियो। उहाँको बिहे पाँच वर्षकै उमेरमा भएको बताइन्छ।

**स्वराजलाई गुमाउँदा दक्षिण एसिया शोकाकुल**

भारतकी पूर्वविदेशमन्त्री एवम् सत्तारुढ भारतीय जनता पार्टीकी वरिष्ठ नेत्री सुषमा स्वराजको अगस्त ६ मा निधन भयो। स्वराजलाई भारतमा प्रभावशाली र सशक्त नेतृका रुपमा स्मरण गरिन्छ। सन् २०१६ मा मिर्गौला प्रत्यारोपण गरेकी स्वराजले स्वास्थ्य समस्याकै कारण गएको लोक सभा चुनावमा उम्मेदवारी दिनुभएको थिएन। सन् २०१४ को २६ मे देखि पाँच वर्ष भारतको विदेश मन्त्री हुनु भएको थियो।

**भारतीय नेता अरुण जेटलीको अस्त**

लामो समयदेखि बिरामी परेका भारतका भूतपूर्व अर्थमन्त्री ताथा भारतीय जनता पार्टीका नेता अरुण जेटलीलाई पनि यस वर्ष गुमाउनु पर्‍यो। दिल्लीस्थित एम्स् अस्पतामा भर्ना गरिएका जेट्लीको अगस्ट २४ मा निधन भयो। प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वासपात्र ६६ वर्षीय जेटली सत्तारूढ भारतीय जनता पार्टीका वरिष्ठ नेता हुनुहुन्थ्यो। जेटलीले भारत स्वतन्त्र भएपछि पहिलो पटक ल्याइएको वस्तु तथा सेवा कर लागू गर्न महत्वपूर्ण भूमिका खेल्नुभएको थियो। जेटली अर्थमन्त्री भएकै बेला प्रधानमन्त्री मोदीले ५०० र १,००० दरका भारतीय रुपैयाँका नोट वित्तीय प्रणालीबाट हटाउने निर्णय गर्नुभएको थियो।

**३७ वर्ष शासन गरेका मुगाबेको विदेशमा मृत्यु**

जिम्बाव्वेका पूर्वराष्ट्रपति रोबर्ट मुगाबेको ९५ वर्षको उमेरमा सेप्टेम्बर ६ मा विदेशमा निधन भयो। उहाँले जिम्बाव्वे स्वतन्त्र भएपछि देशको प्रथम प्रधानमन्त्री हुँदै राष्ट्रपति भएर ३७ वर्ष एकछत्र शासन गर्नुभएको थियो। उहाँलाई सन् २०१७ को नोभेम्बरमा सेनाले अपदस्थ गरेर नजरबन्दमा राखेको थियो। नजरबन्दमै रहेका बेला बिरामी भएपछि सिङ्गापुरमा उपचारको क्रममा उहाँको निधन भएको हो। उहाँका उत्तराधिकारी एमरसन मनाङ्गाग्वाले उहाँलाई "जिम्बाव्वे स्थापना गर्ने पिता" तथा "मुक्तिका प्रतीक"को सङ्ज्ञा दिनुभएको थियो।

**जापानका सुधारवादी पूर्वप्रधानमन्त्रीको विदाई**

जापानका लोकप्रिय नेताको छवि बनाएका पूर्वप्रधानमन्त्री यासुहिरो नाकासोनेको १०१ वर्षको उमेरमा नोभेम्बर २९ मा निधन भयो। सन् १९८२ देखि १९८७ सम्म पाँच वर्ष जापानको प्रधानमन्त्री रहेका नाकासोनेले रुस र अमेरिकाबीचको शीतयुद्धकालीन समयमा जापानलाई पश्चिमा राष्ट्रसँगको गठबन्धनमा उभ्याएको र आर्थिक तथा सामरिक रुपमा बलियो राष्ट्र बनाएकोमा उहाँको उच्च प्रशंसा गर्ने गरिन्छ। उहाँले सैनिक प्रविधि अमेरिकालाई निर्यात गर्नुका साथै जापानमा रेल र टेलिफोन अपरेटर प्रणालीलाई निजीकरण गर्नुभएको थियो। आर्थिक नीतिहरु बजार उदारीकरणतर्फ केन्द्रित गरेर उहाँले नै जापानलाई समृद्धिको आधार तयार पार्नुभएको मानिन्छ।

विश्वका अरु पनि केही चर्चित व्यक्तित्वलाई विश्वले सन् २०१९ मा गुमाएको छ। अर्जेन्टिनाका पूर्वराष्ट्रपति फर्नान्डो डे ला, हलिउड स्टार जेन माइकल भिनसेन्टलगायतको पनि यसै वर्ष निधन भएको हो।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी


## विश्व समाचार

# स्वस्थ दूधले बच्चामा मोटोपनको जोखिम कम : अध्ययन

वासिङ्टन डिसी, १७ पुस (रासस/एएनआई)।

स्वस्थ दूध पिउने बच्चाहरु बोसोयुक्त अर्थात् चिल्लो पदार्थ बढी भएको दूध पिउनेको तुलनामा बढी वजन र मोटोपनको सम्भावना कम हुने हालै सार्वजनिक गरिएको एक अध्ययनले देखाएको जनाएको छ।

हालै सार्वजनिक गरिएको एक अध्ययनले "होल मिल्क" अर्थात् स्वस्थ दूध पिएका बच्चा कम तौल अर्थात मोटोपनको संभावना कम हुने गरेको पाइएको छ।

सेन्ट माइकल अस्पताल अफ युनिटी हेल्थ टोरन्टोको नेतृत्वमा भएको एक अध्ययनपछि 'अमेरिकन जर्नल अफ क्लिनिकल न्यूट्रिशन'मा उक्त अध्ययन प्रतिवेदन प्रकाशित छ।

चिल्लो पदार्थयुक्त दूध पिउने बच्चाको तुलनामा स्वस्थ दूध पिउने बच्चामा मोटोपना र बढी तौलको समस्या ४० प्रतिशत कम हुने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

अध्ययन प्रतिवेदन सात फरकफरक देशका २८ ओटा अध्ययनको विश्लेषण गरी तयार पारिएको जनाइएको छ। ती प्रतिवेदनमा गाईको दूध सेवन र बालबालिकाको वजनको बीचमा तुलनात्मक अध्ययन गरिएको थियो।

ती अध्ययनमा २१ हजार बालबालिकालाई सहभागी गराइएको थियो। तीमध्ये अधिकांश क्यानडा र अमेरिकाका बालबालिका रहेका थिए।

अध्ययनको नेतृत्व गर्नुभएका डा जोनाथन मागुइरेले दूध सेवनको अवस्था नै बालबालिकाको बढी तौल हुने की नहुने भन्ने कुराको मुख्य कारक रहेको बताउनुभयो।

# इन्डोनेसियामा बाढी पहिरोमा २३ को मृत्यु

जाकार्ता, १७ पुस (रासस/एएफपी)।

इन्डोनेसियामा आएको बाढी पहिरोमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ। अत्याधिक वर्षासँगै जाकार्ता क्षेत्रमा ठूलो बाढी र पहिरो आएको अधिकारीले बुधबार जानकारी दिएका छन्।

दशौं हजार स्थानीय वासिन्दा विस्थापित भएका छन् भने उनीहरुलाई अस्थायी शिविरमा राखिएको छ। हजारौं मानिसको घर भत्किएका छन्।

बाढी पहिरो प्रभावित क्षेत्रमा घर, कारलगायतका भौतिक सामग्री पानी र माटोमा डुबेको तथा तैरिएको अवस्थामा देखिएको प्रत्यक्षदर्शीले बताएका छन्।

मृत्यु भएका मध्ये कम्तीमा २१ जनाको जाकार्तामा मात्रै मृत्यु भएको र अरु दुई जनाको छिमेकी जाभाको लेबाकमा मृत्यु भएको उद्धारकर्ताले जनाएका छन्।

"अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ," सामाजिक मामिला मन्त्री जुलियरी पिटर बाटुबाराले बिहीबार पत्रकारसँग भन्नुभयो। उहाँले मृत्यु हुनेको सङ्ख्या अव नबढ्ने अपेक्षा पनि व्यक्त गर्नुभयो।

लेबाकका स्थानीय उद्धारकर्ताले पनि दुई जनाको मृत्यु भएको बताएका छन्। उनीहरुले अरु तीन जनाको पनि मृत्यु भएको हुनसक्ने भन्दै अनुसन्धान भइरहेको जनाएका छन्।

जाकार्तामा एक जना आठ वर्षीय बालकदेखि ८२ वर्षीय बृद्धसम्मको मृत्यु भएको पिडितले बताएका छन्।

"बर्षा अत्यन्त छिटो भएको थियो, चाडो चाडो बढेर गएको थियो, हामीले के गर्ने कसो गर्ने भन्ने नै निर्णय गर्न नसक्ने अवस्थामा पर्‍यौं," एक महिलाले भनिन्।

बाढी पहिरोपछि जाकार्ताका केही क्षेत्रमा विद्युत् तथा यातायात सेवा अवरुद्ध भएको थियो। त्यसैगरी रेल सेवा र विमान सेवा पनि केही समय रद्द गरिएको अधिकारीहरुले जनाएका छन्।

जाकार्तामा यसअघि सन् २०१३ मा पनि विनाशकारी बाढी पहिरो आएको थियो। त्यतिबेला पनि दर्जनौंको मृत्यु भएको थियो। यस क्षेत्रमा बेला बेलामा बाढी पहिरो आइरहने गरेको अधिकारीले बताएका छन्।

# इरानमा ५.८ म्याग्नीच्युडको भूकम्प

तेहरान, १७ पुस (रासस/सिन्ह्वा)।

इरानमा बिहीबार बिहानै ५.८ म्याग्नीच्युडको भूकम्प गएको छ। देशको उत्तर पूर्वीक्षेत्रमा पर्ने खोरासन राजाभी प्रान्तमा भूकम्प गएको अधिकारीले जनाएका छन्।

इरानी भूगर्भ विभागका अधिकारीले दिएको जानकारीअनुसार साङगान सहरमा केन्द्र विन्दु भएर भूकम्प आएको हो। भूकम्पका कारण मानवीय सम्पत्ति क्षतिको कुनै विवरण अहिलेसम्म प्राप्त नभएको अधिकारीले जनाएका छन्।

# अस्पतालमा उपचारार्थ कामतीले जिते नगद १० लाख



**दैनिक समाचारदाता**
**काठमाडौं, १७ पुस ।**
सडक दुर्घटनामा परी अस्पतालमा उपचारार्थ सिरहाका जितेन्द्र कुमार कामतीले एनसेलको रिचार्जमा चमत्कार योजना अन्तरगत रु. १० लाख पुरस्कार प्राप्त गरेका छन् ।

हाल विराटनगर नसिङ होममा उपचारत रहेका कामतीलाई अस्पतालमै गएर चर्चित हास्यकलाकार जितु नेपालले उक्त रकमको चेक हस्तान्तरण गरेका छन् ।

अस्पतालमा छोराको उपचार खर्च तिर्नका लागि पैसाको खाँचो परेको बेलामा नगद पुरस्कार एक ठूलो आश्चर्य र राहतको रुपमा आएको जितेन्द्र कुमार कामतीका बुबा हरी किशोर कामतीले बताए ।

आफ्नो कष्टमर लोयल्टी कार्यक्रम अन्तर्गत एनसेलले यो 'रिचार्जमा चमत्कार' योजना मंसिर १, २०७६ देखि संचालन गर्दै आएको छ । यस योजना अन्तर्गत हरेक योग्यग्राहकले प्रत्येक हप्ता रु २ लाख नगद र प्रत्येक महिना रु १० लाख नगद जित्ने मौका पाउँने एनसेलले जनाएको छ ।

एनसेलको पुरस्कार योजनाको पहिलो ६ हप्ता सम्ममा ३० जना भाग्यशाली ग्राहकले जनही रु २ लाख जितेका छन् । ती ३० जना मध्ये ९ जनाग्राहकले आ–आफ्नो नगद पुरस्कार ग्रहण गरी सकेका छन् र २१ जनाग्राहकहरु प्रमाणिकरण प्रक्रियामा रहेका छन् ।

एनसेलकाप्रिपेड र पोष्टपेड सेवाका सबै ग्राहकहरुले हप्तामा रु १०० वा यस भन्दा बढिको रिचार्ज गरी साप्ताहिक वा मासिक नगद पुरस्कार जित्नका लागि योग्य हुने जनाइएको छ ।

आइतबार देखि शनिबारको साप्ताहिक चक्रमा योजनामा संचालन भईरहेको छ र योजनाको प्रत्येक चार हप्ताको समापनसँगै त्यस महिनाको एक भाग्य शालीग्राहकको पनि घोषणा गरिनेछ ।

ग्राहकहरुले रु १०० वात्यो भन्दा बढिको ब्यालेन्स रिचार्जमा प्रत्येक रु १०० बराबरको एक विषेश कोड एसएमएस मार्फत प्राप्त गर्छन् । यस योजना अन्तर्गत प्रत्येक हप्ता सोमबार साँझ ६:३० बजे एपिवान टेलिभिजनमा प्रत्यक्ष प्रसारण र एनसेलको फेसबुक पेज मार्फत पाँच भाग्यशाली ग्राहकहरुको घोषणा हुन्छ ।

## *वर्षान्त २०१९ : यस ...*

नेपाल सरकार, यहाँका सबै राजनीतिक दल र सिङ्गो देशले एक भएर भारतलाई नेपालको सीमाबाट सेना हटाउन र नेपालको भू–भागलाई छोडेर आफ्नो नक्सा जारी गर्न दिएको दबाब यस वर्षको मुख्य घटना हो । त्यसैगरी नेपालको बहालवाला सभामुख तथा नेकपाका एकजना वरिष्ठ नेता कृष्णबहादुर महरा यौन दुर्व्यवहारको आरोपमा जेल परेको घटना पनि नेपालबाहिरसम्म नै पुगेको थियो ।

# प्रेस स्वतन्त्रता सेनानी प्रधानको निधन



**दैनिक समाचारदाता**
**सुनसरी, १७ पुस ।**
इटहरीका वरिष्ठ पत्रकार याम प्रधानको बिहीबार बिहान उनको आफ्नै निवास इटहरीमा निधन भएको छ ।

सुनसरीका पुरानो पत्रकारका रूपमा परिचित पत्रकार प्रधान प्रेस स्वतन्त्रता सेनानी एवं राससका समाचारदाता समेत थिए । ५२ वर्षिय प्रधान मिर्गौला रोगबाट पीडित भई घरमै थलिएका थिए ।

उनी नेपाल पत्रकार महासङ्घ सुनसरीका पूर्वसभापति समेत थिए । प्रधानको निधनले नेपाली पत्रकारिता इतिहासमा अपूरणीय क्षति भएको नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष अम्मर खड्काले बताए ।

प्रेस युनियनमा समेत आबद्ध प्रधानले लामो समयदेखि घरमै उपचार गराइरहेका थिए । उनको निधनमा नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन, प्रेस सङ्गठनलगायतले दुःख प्रकट गर्दै सामाजिक सञ्जालमार्फत हार्दिक श्रद्धाञ्जलि व्यक्त गरेका छन् । प्रधानका एक छोरी र श्रीमती छन् ।

## *बाक्लो हुस्सुका ...*

गोबिन्द चौक नजिकै सडक किनारमा रहेको रुखमा ठोकिएर पल्टिएको जिल्ला ट्राफिक कार्यालय शम्भुनाथले जनाएको छ ।


बाक्लो हुस्सुका बेला तिब्र गतिमा गाडी चलाउँदा अनियन्त्रित भई रुखमा ठोकिएर सो दुर्घटना भएको प्रहरी निरिक्षक उत्तम कार्कीले जानकारी दिए ।

सडकमै ट्रक पल्टिदा करिब एक घण्टा आवागमन अवरुद्ध भएको थियो । दुर्घटनामा ट्रक र त्यसमा लोड गरिएको सरसामानमा क्षति पुगेपनि कुनै मानविय क्षति भने नभएको प्रहरीले जनाएको छ ।


## माछापुच्छ्रे बैंक लिमिटेडको राजविराज शाखा कार्यालय स्थानान्तरण सम्बन्धी अत्यन्त जरुरी सूचना

यस माछापुच्छ्रे बैंक लिमिटेडको राजविराज शाखा कार्यालय राजविराज नगरपालिका, वडा नं ०४, नेता चोकमा संचालन भई आइरहेकोमा, ग्राहकवर्गहरुमा थप गुणस्तरिय सेवा प्रवाह गर्ने उद्देश्यका साथ मिति २०७६/०९/२० गते आइतबारका दिन देखि साबिक स्थानबाट करीब १० मि. उत्तरतर्फको भवनमा स्थानान्तरण भई कारोवार संचालन गर्न गइरहेको हुनाले बैंकका सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

साथै स्थानान्तरण कार्यको लागि शुक्रबार मिति २०७६/०९/१८ गते दिउँसो २.०० बजे देखि २०७६/०९/१९ गते सम्म सो शाखाले प्रदान गर्दै आएको ए.टि.एम सेवा बन्द हुने ब्यहोरा समेत जानकारी गराउँदछौं । यसबाट हाम्रा सम्पुर्ण ग्राहक महानुभावहरुमा पर्न जाने असुबिधा प्रति हामी क्षमा प्रार्थी छौं ।




Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, राजविराज । फोन नं ०३१-५२२४६६



*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४४१७
चलानी नं. :- १०७
पत्र संख्या :- २०७६/०७७ मिति :-२०७६/९/११

### सूचना

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा**

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७६।७।३० गते बसेको बैठकको निर्णयनुसार संस्थाको ८ (आठौं) बर्षिक साधारण सभा निम्न बिषयहरु उपर छलफल गर्नका लागी तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सबै शेयर सदस्यज्यूहरुलाई पत्र पठाई सकिएको छ । कुनै कारणबश कुनै सदस्य समक्ष जानकारी पत्र नपुगेको भए यसै सुचनालाई आधार मानी यस साधारण सभामा उपस्थित भई दिनुहुन सादर अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफलका बिषयहरु :**
१. संचालक समितिको तर्फबाट संस्थाका अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७५।०७६ को लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७५।०७६ मा संचालक तथा लेखा समितिद्धारा गरिएका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
५. आ.व. ०७६।०७७ को प्रस्तावित बजेट तथा कार्यक्रम स्विकृत गर्ने सम्बन्धमा ।
६. लाभांश बितरण अनुमोदन सम्बन्धमा ।
७. आ.व. ०७६।०७७ को लागी लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्तक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट आबश्यक प्रतिनीधी तोक्ने सम्बधमा ।
९. संस्थाको बिनियम संसोधन, नियमावलीहरु तथा आन्तरिक कार्य बिधीहरु स्विकृति सम्बन्धमा ।
१०. संरक्षित पुँजी कोष फिर्ता सम्बन्धमा ।
११. संचालक तथा लेखा समिति गठन सम्बन्धमा ।
१२. बिबिध ।

**तपसिल**

मिति : २०७६/९/१९ शनिवार
स्थान : संस्थाको सेलर मिलको प्राङ्गनमा रा.बि. ९ मलेठ
समय : बिहान ९ बजे

संचालक समितिको आज्ञाले
व्यवस्थापक



## साधारण सभामा भाग लिन आउने बारे सुचना

*(प्रथम पटक प्रकाशित मिति २०७६।९।९)*

यस ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेडको संचालक समितिको २०७६।९।८ गतेको निर्णयानुसार १९ औं बार्षिक साधारण सभा निम्न उल्लेखित बिषयहरुमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने हुँदा संस्थाका सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थित भई दिनु हुन सादर अनुरोध गरिन्छ । जय सहकारी

**साधारण सभाका बिषयहरु**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।
२. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०७५।०७६ को लेखा परिक्षण प्रतिवेदनमा सम्बन्धमा ।
४ आ.ब.०७६।०७७ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५. आ.व. ०७६।०७७ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट एक/एक जना प्रतिनिधि तोक्ने सम्बन्धमा ।
७. बिनियम संसोधन सम्बन्धमा ।
८. लाभाँश बितरण अनुमोदन सम्बन्धमा ।
९. बिबिध ।

**कार्यक्रम**
मिति : २०७६ साल पौष २५ गते , शुक्रवार
स्थान : जिल्ला समन्वय समितिको सभाकक्ष , राजविराज, सप्तरी
समय : दिनको ११: ०० वजे
पुनश्च : थप जानकारीकालागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आज्ञाले,
ब्यबस्थापक
ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेड
राजविराज–१, सप्तरी
फोन नं. ०३१–५२१७५१



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*